# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-५८, असार, २०७५


## भित्र


सामाजिक परिवारको वार्षिक उत्सव ........................................२

कार्यक्रमको त्रैमासिक समीक्षा ........................................................२

लोकतन्त्र र नागरिक शिक्षाबारे प्रशिक्षण ....................................३

लोहजरामा सार्वजनीक सुनुवाई ........................................................३

सेवा सुविधा प्रवाहबारे अन्तर्क्रिया ........................................................४

दाइजो प्रथाविरूद्ध अन्तर्क्रिया...५

हाइब्रिड सोलार ड्रायर तालिम..६

सामाजिक लेखाजोखा...............६

नयाँ संविधान सम्बन्धी जानकारी ...................................७

सातदिने उद्यमशील तालिम .....८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल: info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org





# स्थानीय सरकारबारे प्रशिक्षण

**काठमाडौं** : समग्र विकास सेवा केन्द्रका कर्मचारीहरूलाई स्थानीय सरकार सञ्चालनका विषयमा जानकारी दिने उद्देश्यले तीनदिने स्थानीय सरकार सञ्चालनसम्बन्धी प्रशिक्षण ०७५ असार ८ देखि १० गतेसम्म सम्पन्न भयो । काठमाडौंमा आयोजित उक्त प्रशिक्षणमा सुनसरी, सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, गोरखा, धादिङ, लमजुङ र काठमाडौं जिल्लाका संयोजक तथा उत्प्रेरकहरू गरी ३० जना सहभागी थिए ।

प्रशिक्षणमा नेपालमा संघीय शासन प्रणाली र तहगत अन्तरसम्बन्ध, वडा समितिबाट गरिने विकास निर्माण र व्यवस्थापनसम्बन्धी कार्यहरू, वडा समितिबाट हुने सिफारिश तथा प्रमाणितसम्बन्धी कार्यहरू, स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा र वडाको भूमिका, स्थानीय तहको वित्त व्यवस्थापन र आर्थिक कार्यप्रणाली, आयोजनाको कार्यान्वयन र उपभोक्ता समितिको परिचालन, सुशासन र सदाचार प्रवर्द्धन, स्थानीय तहमा पूर्वाधार विकास मापदण्ड र वडाको भूमिका, नेतृत्व विकास तथा सकरात्मक सोच, विकासका समसामयिक अन्तर सम्बन्धित मुद्दाहरू र स्थानीय तहको भूमिका, सामाजिक परिचालनका अभ्यासहरूजस्ता विषयवस्तुहरू समावेश गरिएको थियो ।

प्रशिक्षणलाई समग्र विकास सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक डा. प्रेमराज ढुङ्गेल र कार्यक्रम अधिकृत एवम् संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सूचीकृत सहजकर्ता अमर अधिकारीले सहजीकरण गरेका थिए । प्रशिक्षणका क्रममा सैद्धान्तिक विषयवस्तुका साथसाथै विभिन्न खेलमूलक अभ्यासहरू, समूह कार्य, छलफल तथा मनोरञ्जनका विधिहरू प्रयोग गरिएको थियो ।

प्रशिक्षणबाट स्थानीय तहमा गए र काम गर्न सजिलो भएको, नयाँ व्यवस्था र संरचनाअनुसार सामाजिक परिचालन, विभिन्न क्रियाकलापहरू सञ्चालन गर्न र सीमान्तकृत मानिसहरूलाई राज्यको सेवासुविधामा पहुँच बढेको सहभागीहरूले बताए । ●

# सामाजिक परिवारको वार्षिकोत्सव




**सप्तरी:** सप्तरीको सुरुङ्गा नगरपालिका वडा न.२, कुरहास्थित लालीगुराँस सामाजिक परिवारको वार्षिक उत्सव ०७५ जेठ १९ गते सम्पन्न भएको छ । उक्त सामाजिक परिवारका अध्यक्ष अञ्जना सिंहको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं २ का वडा अध्यक्ष विष्णुबहादुर थापा प्रमुख अतिथि रहेका थिए । अध्यक्ष अञ्जना सिंहले सामाजिक परिवारको उद्देश्यबारे जानकारी गराएका थिए। लालीगुराँस सामाजिक परिवार ०७३ जेठ १९ मा स्थापना भएको थियो ।

कोषाध्यक्ष कविता चौधरीले सामाजिक परिवारको आय-व्यय विवरण प्रस्तुत गर्दै सेवादायी निकायबाट के-के सेवासुविधा ल्याएका थिए भन्नेबारेमा जानकारी गराएकी थिइन् । अगामी दिनमा के-के गर्ने कामबारे योजना समेत पेश गरेकी थिइन् । वडा सदस्य दुर्गानन्द चौधरी यस सामाजिक परिवारले समाजमा महिला अधिकार तथा सामाजिक क्षेत्रमा काम गरिरहेकोले यसलाई संस्थागत विकास गर्दै लैजानुपर्नेमा जोड दिएका थिए । उनले सामाजिक परिवारले जग्गा उपलब्ध गरायो भने भवन निर्माण गर्न वडाबाट सहयोग उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

वडा अध्यक्ष विष्णुबहादुर थापाले भने, ‘समग्र विकास सेवा केन्द्रले सामाजिक परिवारको माध्यमबाट समाज विकास गर्न लागेको छ । यो राम्रो पक्ष हो । म पनि समग्र विकास सेवा केन्द्रले पहिले सञ्चालन गरेको आयआर्जन समितिबाट अहिले वडा अध्यक्षसम्म पुगेको छु । वडाबाट दिने सेवासुविधा सामाजिक परिवारले माग गर्‍यो भने उपलब्ध गराउने प्रतिबद्धता जनाउँछु ।’

जिल्ला संयोजक अरुणकुमार चौधरीले समग्र विकास सेवा केन्द्रका उद्देश्य, सामाजिक परिवारले गर्ने कामबारे जानकारी दिँदै लालीगुराँस सामाविक परिवारलाई शुभकामना दिएका थिए ।

# कार्यक्रमको त्रैमासिक समीक्षा



**काठमाडौं :** समग्र विकास सेवा केन्द्रका जिल्लास्थित फिल्ड कार्यालय र केन्द्रका कर्मचारीको सहभागितामा ०७५ असार १० र ११ गते काठमाडौंमा कार्यक्रमको त्रैमासिक समीक्षा गरियो । सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, सुनसरी, गोरखा धादिङ, लमजुङ र काठमाडौं जिल्लाका संयोजक तथा उत्प्रेरकहरू, केन्द्रीय कार्यालयका अधिकृत स्तरका कर्मचारीहरू गरी ३३ जना सहभागी थिए। समीक्षा बैठकमा अघिल्लो त्रैमासिक समिक्षाको समीक्षा, कार्यक्रमको वर्तमान अवस्था (क्रियाकलाप लक्ष्य र प्रगति, सामाजिक परिवारको मापदण्ड फाराम, प्रगति प्रतिवेदन र अन्य) विषयवस्तुमा छलफल, अन्तर्क्रिया प्रस्तुति गरिएको थियो । बैठकमा जिल्लागत प्रस्तुति समेत गरी आर्थिक प्रगति, कार्यक्रमको लग फ्रेम र क्रियाकलाप सञ्चालनसम्बन्धी तालमेल, कार्यक्रमको प्रभावकारिता, गभर्नेन्स फेसिलिटीबाट हुने मूल्याङ्कनको तयारी र सामाजिक परिवार छनौट, जिल्ला, क्षेत्र र केन्द्रबीचको कार्यगत स्वरूप, समन्वय, समझदारी र सहकार्य, आगामी त्रैमासिकको कार्ययोजना तयारीजस्ता विषयमा छलफल गरियो ।

यस्तै समीक्षा सिराहाको लहानमा ०७५ असार १५ र १६ गते गरिएको थियो । उक्त समीक्षा बैठकमा सुनसरी, सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा जिल्लाका उत्प्रेरक, सहउत्प्रेरक, क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालयका कर्मचारी र प्रतिनिधिहरू गरी ३० जना सहभागी थिए ।

# लोकतन्त्र र नागरिक शिक्षाबारे प्रशिक्षण



**काठमाडौं** : यूएसएआईडी/आईफेस र समग्र विकास सेवा केन्द्रको साझेदारी सम्झौताअनुसार काठमाडौंमा 'निर्वाचन र नागरिक सहभागिता परियोजना' ०७५ असार ३१ गते कर्मचारीका लागि जिल्लास्तरीय प्रशिक्षण सम्पन्न भयो । प्रशिक्षणमा स्थानीय सरकार सञ्चालन, परियोजनाको उद्देश्य, प्रतिफल, क्रियाकलापहरू लगायत विषयमा प्रशिक्षण दिइयो ।

०७५ असारदेखि फागुनसम्म गोरखा, धादिङ, सिरहा, सप्तरी र महोत्तरी जिल्लाका दुई-दुई वटा स्थानीय तहमा सञ्चालन हुने 'निर्वाचन र नागरिक सहभागिता परियोजना' कार्यान्वयनको पहिलो चरणमा उक्त प्रशिक्षण दिइएको हो । परियोजना स्थल र केन्द्रीय कार्यालयका गरी १७ जना सहभागी रहेको उक्त प्रशिक्षणमा आईफेसका कार्यक्रम संयोजक मो. शाहिद रेजा, अनुगमन संयोजक विनोद ओझा तथा समग्र विकास सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक डा. प्रेमराज ढुङ्गेल, कार्यक्रम अधिकृत अमर अधिकारीले सहजीकरण गरेका थिए ।

नागरिक शिक्षा, निर्वाचन तथा नागरिक सहभागिता परियोजनाको उद्देश्य हो- सीमान्तकृत समुदाय खासगरी महिला, दलित, युवा, अपाङ्गता भएका व्यक्तिहरूलाई नागरिक शिक्षा प्रदान गरी मतदाता दर्ता र नागरिकताप्राप्तिका लागि सहजीकरण गर्नु, निर्वाचन र नागरिक सहभागितामा अभिवृद्धि गर्नु । यसका लागि स्थानीय तहमा अभिमुखीकरण, जनचेतनामूलक सामूहिक कार्यक्रम, हाजिरीजवाफ प्रतियोगिता, श्रव्यदृश्य कार्यक्रम, घरदैलो भेटघाट, चेतनामूलक सामग्री वितरण, सम्बन्धित कार्यालयहरूसँग समन्वयजस्ता क्रियाकलापहरू सञ्चालन हुनेछ ।

# लोहजरामा सार्वजनिक सुनुवाई




**सप्तरी** : सप्तरीको तिरहुत गाउँपालिका वडा नं. ५ लोहजराको पर्यटकीय स्थल ठाकुरबाबा तालमा ०७५ जेठ २३ गते सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा तिरहुत गाउँपालिका उपप्रमुख तीर्थमाया मण्डलले गाउँपालिकाबाट सेवासुविधा र न्यायका बारेमा जानकारी गराएकी थिइन् । ५ नम्बरका वडा अध्यक्ष रामानन्द चौधरी र ४ नम्बरका वडा अध्यक्ष मनोजकुमार यादवले वडाबाट दिने सेवासुविधाबारे जानकारी गराएका थिए । कार्यक्रममा विद्यालयका प्रधानाध्यापकहरूले विद्यालयबाट शिक्षा र छात्रवृत्तिबारे जानकारी गराएका थिए ।

सन्यासी सामाजिक परिवार, लोहजराका रेणुदेवी यादवले आफ्नो भोगाइ सुनाउँदै भनिन्, 'मेरो छोरा १५ वर्षको भयो । मेरो श्रीमानको नागरिकता छैन । जन्मदर्ता हराएकोले फेरि जन्मदर्ता प्रमाणपत्र गरिदिनै मान्दैन । मेरो विवाह दर्ता र छोराछोरीको भविष्य बर्बाद भएको छ ।'

नागरिक समाजका देवनारायण यादवले भने, 'स्वास्थ्य चौकीमा औषधि छैन । बर्थिङ सेन्टर छ तर जनशक्ति छैन । मेरो मान्छे नै हुनुपर्छ भनेर अहिलेसम्म भर्ना गर्न सकेको छैन । विद्यालयमा शिक्षकहरूले पढाउँदैनन् । पाँच कक्षाका विद्यार्थीलाई पढ्न पनि आउँदैन ।'

नागरिक समाजका नारायण मण्डलले वडा अध्यक्षहरूले आफ्नो मान्छेलाई राखेर उपभोक्ता समिति बनाउने गरेको बताए । उनले भने, 'प्रत्येक वडामा ८३ लाख बजेट छ तर लोहजरामा त्यत्ति विकासको काम

बाँकी पृष्ठ ७ मा

# सेवासुविधा प्रवाहबारे अन्तर्क्रिया



**सुनसरी** : समग्र विकास सेवा केन्द्रले सेवादायी र सेवाग्राहीबीच सुमधुर सम्बन्ध कायम भएपछि मात्रै सीमान्तकृत समुदायको स्रोतसाधनमा पहुँच र समान अवसर मिल्छ भन्ने उद्देश्यका सुनसरीको कोशी गाउँपालिकाको वडा नम्बर २ र ३ मा 'छिटो छरितो र सरल रूपमा समुदायमा सेवा सुविधा प्रवाह' विषयक अन्तर्क्रिया सम्पन्न भएको छ ।

शान्ति स्थापना तथा प्रजातान्त्रिक विकासका लागि सीमान्तकृत मानिसहरूको सशक्तीकरण कार्यक्रम सञ्चालन गर्दै आइरहेको समग्र विकास सेवा केन्द्र, जिल्ला सम्पर्क कार्यालय इनरुवा सुनसरीको आयोजनामा भएको कार्यक्रमको उद्देश्य थियो, 'स्रोत साधनमा सबैको पहुँच होस् । सेवासुविधामा सबैले समान अवसर पाउन् । समुदायमा छिटो, छरितो र सरल रूपमा सेवा सुविधा प्रवाह होस् ।'

कोशी गाउँपालिका वडा नं. ३, शोभनपुरको राष्ट्रिय माध्यमिक विद्यालयको हलमा ०७५ जेठ १२ गते 'छिटो छरितो र सरल रूपमा समुदायमा सेवा सुविधा प्रवाह' विषयक अन्तर्क्रिया कार्यक्रममा चतुर्मुखी सामाजिक परिवारकी अध्यक्ष पार्वतीदेवी उराँवले भनिन्, 'वडा कार्यालयका विभिन्न कार्यक्रम र विभिन्न तालिमहरूमा एउटै व्यक्तिहरू जहिले पनि जाने गर्छन् । सबैलाई समान अवसर दिनुपर्छ ।'

महिला कृषक सामाजिक परिवारकी अध्यक्ष शिवकुमारी उराँवले भनिन्, 'वडा कार्यालयबाट उपलब्ध हुने सेवासुविधा तथा वितरण हुने विभिन्न सामानहरू पनि सधैँ हुनेखानेहरूले नै पाउँछन् । नहुनेहरूले पाउँदैन । यहाँ अनियमितता हुन्छ । महिला, एकल महिला, वृद्ध, अपाङ्ग र दलितले त्यसमा प्राथमिकता पाउनुपर्‍यो ।'

त्यस्तै, गरिबी निवारण सामाजिक परिवारकी सचिव फूलकुमारी रामले भनिन्, 'कुनै सामान आउँछ वा कुन तालिम आउँछ, हामीलाई केही थाहा हुँदैन । हामीलाई पनि जानकारी हुनुपर्‍यो । हामी महिला बेरोजगार छौँ । हाम्रालागि सीपमूलक तालिम उपलब्ध गराइदिनुस् ।'

कोशी गाउँपालिका वडा नं.३ का अध्यक्ष एवम् कार्यक्रमका प्रमुख अतिथि सुलेमान मन्सुरीले भने, 'स्रोतसाधन सीमित छ । जनताको माग धेरै छ । यस्तो अवस्थामा सबैलाई समेट्न गाह्रो भएको छ । तर पनि सक्दो सबैलाई चित्तबुझ्ने गरी काम गरिरहेको छु । काम गर्दै जाँदा केही न केही त्रुटी हुन्छ नै, त्यसका लागि म माफी माग्छु । कार्यक्रम तथा तालिमहरूमा सहभागी गराउनेहरूको नाम तुरुन्त पठाउनुपर्ने हुन्छ । त्यस्तो अवस्थामा जो उपलब्ध हुन्छ, उनीहरूलाई नै पठाउछौं । त्यसले गर्दा तपाईंहरू छुट्नुभएको हो । बेला-बेलामा तपाईंहरू वडा कार्यालयमा आउने गर्नुस् । सबै सूचनाहरू पाउनुहुन्छ । उपलब्ध सेवासुविधाहरू म तुरुन्त उपलब्ध गराउनेछु । यसपालिको योजनामा महिलालाई बढी प्राथमिकता दिएको छ । विभिन्न किसिमका तालिमहरू सञ्चालन हुन्छन् । त्यसमा तपाईंहरूलाई पनि समेट्छु । मबाट भएका कमी-कमजोरीहरूलाई प्रष्ट पारिदिनुभएको छ । मैले सुधार गर्ने मौका पनि पाएँ । तपाईंहरूसँग प्रत्यक्ष भेटेर कुराकानी गर्न पाएकोमा म अत्यन्त खुशी छु । आयोजक संस्थालाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु ।'

समावेशी सहभागिता रहेको उक्त कार्यक्रममा बाहुन, पिछडावर्ग, आदिवासी जनजाति, दलित, मुस्लिम गरी ३४ जनाको सहभागिता थियो । कार्यक्रमको उद्देश्यबारे समग्र विकास सेवा केन्द्रका सुनसरी जिल्ला संयोजक अनन्तराम गिरीले जानकारी गराएका थिए । रामरहिम सामाजिक परिवारको अध्यक्ष सयदबिबी खातुनको अध्यक्षतामा भएको कार्यक्रमको प्रमुख अतिथि कोशी गाउँपालिका वडा नं. ३ का अध्यक्ष सुलेमान मन्सुरी थिए । कार्यक्रमको उद्घोषण समग्र विकास सेवा केन्द्रका सह-उत्प्रेरक ललित मण्डलले गरेका थिए ।

यसैगरी, कोशी गाउँपालिका वार्ड नं.-२ को बुलबुल आधारभूत विद्यालयको हलमा पनि २०७५ जेठ २१ गते सेवासुविधा प्रवाह विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रमका सहभागी तथा धानुक मण्डल सामाजिक परिवारकी सचिव अमीरकला मण्डलले भनिन्, 'वडा कार्यालय, गाउँपालिका र विभिन्न संघ संस्थाहरूको बैठक, सेमिनार, गोष्ठी, अन्तर्क्रिया कार्यक्रमहरूमा ठूलाबडा र नेताहरूकै छोरी-बुहारी र स्वास्नी सहभागी हुन्छन् । एकै जना दुई-दुई चोटी जान्छन् ।

# दाइजो प्रथाविरूद्ध अन्तर्क्रिया

**सर्लाही** : समग्र विकास सेवा केन्द्रले समाजमा व्याप्त असमानता, कुरीति एवम् विभेदलाई न्यूनीकरण गर्दै शान्ति स्थापना तथा प्रजातान्त्रिक विकासमा सहयोग गर्न, सीमान्तकृत मानिसलाई सशक्तीकरण गर्न, उनीहरूको विकास तथा प्रतिनिधित्व हरेक ठाउँमा पुऱ्याउन राज्य र जनतासँग स्थापित गराउने उद्देश्यले तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दैआएको छ ।

यसै सन्दर्भमा महिलामैत्री समाज निर्माणमा बाधक रहेको दाइजो (दहेज) प्रथा तराई-मधेश क्षेत्रको ठूलो समस्या हो । यो अहिले देशकै एउटा डरलाग्दो समस्या बनेर देखिँदै गएको यो प्रथा न्यूनीकरण गर्नु नै चुनौतीको विषय बन्दै गएको छ । हाम्रो समाजको रीवाजसँग प्रत्यक्ष गाँसिएको छ दहेज । बदलिँदो समाजमा मान्छेले दहेजलाई प्रतिष्ठासँग जोड्ने गरेको हुँदा यसलाई रोक्नु चुनौतीपूर्ण बन्दै गइरहेको छ ।

यो परिस्थितिमा समग्र विकास सेवा केन्द्र, जिल्ला कार्यालय सर्लाहीले बरहथवा नगरपालिकास्थित उद्योग-वाणिज्य संघको सभाहलमा दहेज न्यूनीकरणसँग सम्बन्धित अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । मिति ०७५ असार २ गते भएको उक्त अन्तर्क्रिया कार्यक्रममा जिल्लाभरिबाट १५० जनाभन्दा बढी व्यक्ति सहभागी भएका थिए । संघ-संस्थागत प्रतिनिधिहरू, प्रहरी प्रशासन तथा नगरपालिकाकी प्रतिनिधि, वकिल, शिक्षक, बुद्धिजीवी, विद्यार्थी तथा महिला सहभागी थिए । दहेज न्यूनीकरण कार्यक्रमको सुरुवात राष्ट्रियगानबाट गरिएको थियो ।

बरहथवा नगरपालिकाकी उपमेयर सीता माझीको प्रमुख आतिथ्य तथा समग्र विकास केन्द्र सर्लाहीका जिल्ला संयोजक हरिनन्दनकुमार रंजनको अध्यक्षतामा सम्पन्न अन्तरक्रिया कार्यक्रममा दाइजोसँग सम्बन्धित विषयवस्तुहरूबारे प्रस्तुतिहरू प्रदर्शन गरिएको थियो । शिक्षक शम्भुकुमार रायद्वारा सञ्चालन गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथि उपमेयर माझीले दहेज न्यूनीकरण गर्न अन्तरजातीय विवाहलाई प्रोत्साहन गर्नुपर्ने बताइन् ।

अधिवक्ता श्याम दाहालले दहेजलाई वर्णव्यवस्थाले प्रत्यक्ष सहयोग मिलिरहेको दाबी गर्दै वर्णव्यवस्थाले शिक्षा, सम्पत्ति, विवाहलगायतका विषयहरू निश्चित वर्गभित्रै गर्नुपर्ने व्यवस्थाले गर्दा दहेज न्यूनीकरण हुन नसकिरहेको बताए ।

कार्यक्रममा नेपाल राष्ट्रिय दलित समाज कल्याण संघ, सर्लाहीका कार्यक्रम अधिकृत रूपेन्द्रकुमार रायले महिलालाई बढीभन्दा बढी शिक्षित बनाए दहेज न्यूनीकरणमा सहयोग पुग्ने बताए । कार्यक्रमका सहभागीलाई खाजा, खाना र आतेजाते भाडासमेत उपलब्ध गराइएको थियो ।

कार्यक्रममा प्रहरी निरीक्षक अशोक यादवसँग सहभागीको अन्तर्क्रिया थियो । 'दहेज र प्रहरीप्रशासन' विषयक उक्त अन्तर्क्रियामा महिला अधिकारकर्मी कृष्णादेवी महतो, नितु यादव, मेथुला महरा, प्रमीला महरा, निर्मला अधिकारी, राजनीतिकर्मी भूपनारायण रामदास, रेडक्रस सभापति शोभालाल साह लगायतले मन्तव्य राखेका थिए ।



# हाइब्रिड सोलार डायर तालिम




**उदयपुर** : त्रियुगा नगरपालिका र समग्र विकास सेवा केन्द्र, उदयपुरको आयोजनामा गाईघाटको जलजलेमा १० दिने हाइब्रिड सोलार ड्रायर तालिम सम्पन्न भयो। त्रियुगा नगरपालिका वडा नं. ५ र ६ का २१ जना उद्यमीहरूले ०७५ असार ७ देखि १६ गतेसम्म सो तालिम हासिल गरे, जसमा पुरुष ११ जना र महिला १० जना थिए।

तालिमलाई नेपाल घरेलु तथा साना उद्योग महासंघ, उदयपुरका प्रशिक्षकहरू कल्पना राई, वीना राई र स्रोत विकास नियोगका विजय ठाकुरले सहजीकरण गरेका थिए। हाइब्रिड सोलार ड्रायर एक सफल सुकाउने प्रविधि हो। यसको उचित परीक्षण भइसकेको छ। यसबाट उत्पादित वस्तुहरू गुणस्तरयुक्त भएको हुँदा अति नै पौष्टिक हुन्छ। यसबाट उत्पादित सामग्रीहरू गुणस्तरयुक्त हुने हुँदा अरुभन्दा महँगो लाग्नु स्वाभाविक हो तापनि यो सौर्यउर्जा प्रविधिमा अरु उर्जाको दाँजोमा खर्च निकै कम देखिन्छ। उत्पादित सामग्रीहरू संरक्षण गरी त्यसलाई उचित मूल्यका साथ बजारमा पुऱ्याउनु यसको प्रमुख विशेषता हो।

यसबाट किसानलाई बढी फाइदा हुने गर्दछ। तालिमका सहभागीहरूले बताए अनुसार यसबाट निम्न फाइदा पुग्ने छ मासु, माछा, फलफुल, सागसब्जी, जडिबुटी जन्य बस्तुहरू सजिलै सुकाउन मिल्ने र सुकाएपछि पनि गुणहरू हराएर नजाने। जस्तै स्वाद, हरियोपना आदि। उत्पादित तरकारीहरू बेमौसमी बनाएर बजारमा बिक्री वितरण गर्न सकिने।

- मासु माछाजन्य वस्तुलाई प्राकृतिक रूपमै लामो समयसम्म प्याकिङ्ग गरेर बिक्री गर्न मिल्ने।
- कम समय ,कम लागानी र कम मेहनतमा बढी फाइदा लिन सकिने।
- अन्य बाहिरी वस्तुहरूको तुलनामै यस सोलार ड्रायरमा सुकाएको वस्तुहरूलाई पनि बजारमा सहजै बिक्री वितरण गर्न सकिने।
- उद्यम गर्न चाहाने व्यक्ति वा समूहहरूलाई सरकारले सहुलियत दरमा सोलार ड्रायर मेसिन उपलब्ध गराउने।
- यस मेसिनमा सुकाएको वस्तुहरूको विदेशमा पनि राम्रो बजार भएको कारणले यसलाई अन्य देशहरूमा पनि निर्यात गरी बिक्री गर्न सकिने।

# सामाजिक लेखाजोखा

**गोरखा**: आरुघाट गाउँपालिका- ९, आरुटारमा जेठ २५ गते समग्र विकास सेवा केन्द्रको आयोजनामा सामाजिक लेखाजोखा सम्पन्न भयो। गोरखा जिल्ला संयोजक भरतप्रसाद श्रेष्ठले समग्र विकास सेवा केन्द्रले आरुघाट गाउँपालिकामा सञ्चालन गरिरहेका कार्यक्रमका विषयमा जानकारी गराएका थिए। आरुटार सामाजिक परिवारका अध्यक्ष मंगल श्रेष्ठको सभापतित्व र उपाध्यक्ष कल्पना नेपालीको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा ८ नम्बरका वडा अध्यक्ष मीनबहादुर अधिकारी, वडा नं. ९ का अध्यक्ष डिलबहादुर रोका, कार्यपालिकाका सदस्यहरू, नागरिक समाजका अगुवा, सामाजिक परिवारका प्रतिनिधिहरू, समग्र विकास सेवा केन्द्रका कर्मचारीसमेत गरी ७३ जना सहभागी थिए। कार्यक्रममा आरुघाटकी सगरमाथा आरोही फोटो पत्रकार पूर्णिमा श्रेष्ठलाई समग्र विकास सेवा केन्द्रका तर्फबाट सम्मान गरिएको थियो।



# नयाँ संविधानसम्बन्धी जानकारी



भाग-२०

संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध

२३१. संघ र प्रदेश बीचका व्यवस्थापिकीय अन्तरसम्बन्ध : (१) संघीय कानून नेपालभर वा आवश्यकता अनुसार नेपालका कुन क्षेत्रमा मात्र लाग हुन गरी बनाउन सकिनेछ।

(२) प्रदेश कानून प्रदेशभर वा आवश्यकता अनुसार प्रदेशका कुनक्षेत्रमा मात्र लाग हुन गरी बनाउन सकिनेछ।

(३) दुई वा दुईभन्दा बढी प्रदेशले अनुसूची-६ मा उल्लिखित कुन विषयमा कानून बनाउन नेपाल सरकार समक्ष अनुरोध गरेमा संघीय संसदल आवश्यक कानून बनाउन सक्नेछ। त्यस्ता कानून सम्बन्धित प्रदेशका हकमा मात्र लागू हुनेछ।

२३२. संघ, प्रदेश र स्थानीय तह बीचका सम्बन्ध : (१) संघ, प्रदेश र स्थानीय तह बीचका सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयका सिद्धान्तमा आधारित हुनेछ।

(२)नेपाल सरकारले राष्ट्रिय महत्वका विषयमा र प्रदेशहरू बीच समन्वय गर्नुपन विषयमा प्रदेश मन्त्रिपरिषदलाइ या संविधान र संघीय कानून बमोजिम आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्ता निर्देशनका पालन गन सम्बन्धित प्रदेश मन्त्रिपरिषदका कर्तव्य हुनेछ।

(३) कुन प्रदेशमा नेपालका सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा गम्भीर असर पन किसिमका काय भएमा राष्ट्रपतिले त्यस्ता प्रदेश मन्त्रिपरिषदलाइ आवश्यकता अनुसार सचेत गराउन, प्रदेश मन्त्रिपरिषद र प्रदेश सभालाइ बढीमा छ महीनासम्म निलम्बन गन वा विघटन गन सक्नेछ।

(४) उपधारा (३) बमोजिम कुन प्रदेश मन्त्रिपरिषद र प्रदेश सभा निलम्बन वा विघटन गरेकोमा त्यस्ता काय पैंतीस दिन भित्र संघीय संसदका तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याका बहुमतबाट अनुमादन गराउन पर्नेछ।

(५) उपधारा (३) बमोजिम गरिएका विघटन सम्बन्धी काय संघीय संसदबाट अनुमादन भएमा त्यस्ता प्रदेशमा छ महीनाभित्र प्रदेश सभाका निर्वाचन हुनेछ ।तर संघीय संसदबाट अनुमोदन नभएमा त्यस्ता निलम्बन वा विघटन सम्बन्धी काय स्वत: निष्क्रिय हुनेछ।

(६) उपधारा (३) बमोजिम गरिएका निलम्बन उपधारा (४) बमोजिम अनुमोदन भएमा त्यस्ता निलम्बनको अवधिभर र उपधारा (५) बमोजिम प्रदेश सभाका निर्वाचन नभएसम्मका लागि त्यस्ता प्रदेशमा संघीय शासन कायम रहनेछ।

(७) संघीय शासन कायम रहेको अवस्थामा संघीय संसदले अनुसूची-६ बमोजिमका सूचीमा परेका विषयमा कानून बनाउन सक्नेछ। त्यस्ता कानून सम्बन्धित प्रदेश सभाले अका कानून बनाइ खारेज नगरेसम्म बहाल रहनेछ।

(८) नेपाल सरकारले आफै वा प्रदेश सरकार मार्फत गाउ कायपालिका वा नगर कार्यपालिकालाइ या संविधान र संघीय कानून बमोजिम आवश्यक सहयोग गन र निर्देशन दिन सक्नेछ। त्यस्ता निर्देशनका पालन गन गाउँ कार्यपालिका वा नगर कार्यपालिकाका कर्तव्य हुनछ।

२३३. प्रदेश-प्रदेश बीचका सम्बन्ध : (१) एक प्रदेशले अका प्रदेशको काननी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशका कायान्वयनमा सहयोग गन पर्नेछ।

(२) एक प्रदेशले अका प्रदेशसँग साझा चासो, सराकार र हितका विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्ना काय र विधायनका बारेमा आपसमा समन्वय गन र आपसी सहयोग विस्तार गन सक्नेछ।

(३) एक प्रदेशले अका प्रदेशका बासिन्दालाइ आफ्ना प्रदेशका कानून बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउन पर्नेछ।

२३४. अन्तर प्रदेश परिषद : (१) संघ र प्रदेश बीच तथा प्रदेश-प्रदेश बीच उत्पन्न राजनीतिक विवाद समाधान गन देहाय बमोजिमका एक अन्तर प्रदेश परिषद रहनेछ :-

(क) प्रधानमन्त्री - अध्यक्ष
(ख) नेपाल सरकारका गृहमन्त्री - सदस्य
(ग) नेपाल सरकारका अर्थमन्त्री - सदस्य
(घ) सम्बन्धित प्रदेशका मुख्यमन्त्री - सदस्य

(२) अन्तर प्रदेश परिषदका बैठक आवश्यकता अनुसार बस्नछ।

(३) अन्तर प्रदेश परिषदले आफ्ना वैठकमा विवादका विषयसँग सम्बन्धित नेपाल सरकारका मन्त्री र सम्बन्धित प्रदेशका मन्त्री तथा विशेषज्ञलाइ आमन्त्रण गन सक्नेछ।

(४) अन्तर प्रदेश परिषदका बैठक सम्बन्धी कार्यविधि सा परिषद आफैले निधारण गरे बमोजिम हनेछ।

२३५. संघ, प्रदेश र स्थानीय तह बीचका समन्वय : (१) संघ, प्रदेश र स्थानीय तह बीच समन्वय कायम गन संघीय संसदले आवश्यक कानून बनाउनेछ।

(२) प्रदेश, गाउँपालिका वा नगरपालिका बीच समन्वय कायम गन र कुन राजनीतिक विवाद उत्पन्न भएमा प्रदेश सभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्ता विवादका समाधान गन सक्नेछ।

(३) उपधारा (२) बमोजिम विवाद समाधान गन प्रक्रिया र कायविधि प्रदेश कानून बमोजिम हुनेछ।

२३६. अन्तर प्रदेश व्यापार : यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अका प्रदेश वा स्थानीय तहका क्षेत्रमा हुन वस्तुका ढुवानी वा सेवाका विस्तार वा कुन प्रदेश वा स्थानीय तहका क्षेत्रमा हुन वस्तुका ढुवानी वा सेवाका विस्तारमा कुन किसिमका बाधा अवरोध गन वा कुन कर, शुल्क, दस्तुर वा महसूल लगाउन वा त्यस्ता सेवा वा वस्तुका ढुवानी वा विस्तारमा कुन किसिमका भेदभाव गन पाइन छैन।

२३७. सर्वोच्च अदालतका संवैधानिक इजलासका अधिकार क्षेत्रमा असर नपन : यस भागमा लेखिएका कुन कुराले धारा १३७ बमोजिमका सर्वोच्च अदालतका संवैधानिक इजलासका अधिकार क्षेत्रमा कुन असर पन छैन।

# सातदिने उद्यमशील तालिम




**गोरखा** : घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र, त्रिपुरेश्वरको सहयोग र समग्र विकास सेवा केन्द्रको व्यवस्थापनमा आरुघाट गाउँपालिका-९, आरुटारमा जेठ २५ देखि ३१ गतेसम्म एक सातालामो उद्यमशील तालिम सम्पन्न भयो । तालिममा ३५ जना सहभागी थिए । तालिमलाई घरेलुका अधिकृत गणेश राउतले सहजीकरण गरेका थिए । सीप कसरी बढाउने, कसरी उद्यमशील र व्यवसायी बन्ने, व्यापारिक कला, बजार व्यवस्थापनजस्ता विषयहरू तालिममा समावेश गरिएका थिए ।

तालिमको उद्घाटन आरुघाट गाउँपालिकाकी उपाध्यक्ष कल्पना नेपालीले जेठ २५ गते गरिन भने समापन चाहिँ जेठ ३१ गते गाउँपालिका अध्यक्ष पूर्णबहादुर दाहालले गरेका थिए । तालिमको समापन मन्तव्य दिँदै अध्यक्ष दाहालले सहभागीहरूलाई भने, 'आफूले सिकेको कुरालाई व्यवहारमा उतार्नुहुन अनुरोध गर्छु ।' गाउँपालिकाले समग्र विकास सेवा केन्द्रजस्ता संस्थाहरूसँग सहकार्य गरी सीपमूलक तालिम र आयआर्जन गर्ने कार्यक्रममा सहयोग गर्दै आइरहेको र आगामी दिनमा पनि निरन्तर रहने बताएका थिए ।

## दाइजो प्रथाविरुद्ध.....

नयाँ अनुहारलाई पनि मौका दिनुपर्‍यो । हामी पछि परेका मान्छेको पनि सहभागिता हुनुपर्छ ।'

कार्तिक महिला सामाजिक परिवारको सचिव चन्दादेवी यादवले भनिन्, 'विभिन्न किसिमका तालिमहरू आउँछन् । त्यसमा काम गर्ने, गरिखानेहरू र जागिर पाउनेहरू नै सहभागी हुन्छन् । एउटै मान्छे दुई-तीन वटासम्म तालिम पाउँछन् तर दलित, गरिब, एकल महिला र अपाङ्ले एकचोटी पनि पाउँदैनन् । हामी सीप नहुँदा बेरोजगार भएर बस्नुपरेको छ । सीपमूलक तालिम उपलब्ध गराइदिनुस् ।'

हँस सामाजिक परिवारकी कोषाध्यक्ष पुष्पादेवी मण्डलले दुखेसो पोखिन्, 'कृषिको बीउ, औषधि र पशुको औषधि, घाँसको बीउ, बाखा र बंगुर आउँछ, वितरण हुन्छ तर त्यो सबै पहुँच भएकाहरूले मात्रै पाउँछन् । जसको घरमा गाई, भैंसी, बाखा सबैथोक छ, उसैले पाउँछ । त्यो त आर्थिक अवस्था कमजोर भएकालाई दिँदा उसले पनि गरिखान्थ्यो ।'

कोशी गाउँपालिका वार्ड नं. २ का अध्यक्ष कार्यक्रमका प्रमुख अतिथि हिरालाल यादवले त्यहाँ उठेका प्रश्नहरूलाई सम्बोधन गर्दै भने, 'विभिन्न तालिमहरूमा सहभागी गराउन वडा सदस्यबाट नाम माग्छौं र पठाउँछौं । कृषिको बीउ, बाखा थोरै हुन्छ, माग धेरै छ । त्यो सम्पर्कमा रहने र कार्यालयमा आउनेहरूलाई वितरण गर्छौं । तपाईंहरू पनि हाम्रो सम्पर्क र समन्वयमा रहनुस् । यसपालि महिलाका लागि धेरै किसिमका तालिमहरू योजनामा छन् । कुनै न कुनै तालिमहरूमा सबैलाई सहभागी गराउने प्रयास गर्छु ।'

हंस सामाजिक परिवारकी अध्यक्ष मिलनदेवी मण्डलको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमका प्रमुख अतिथि कोशीगाउँपालिका वार्ड नं. २ का अध्यक्ष हिरालाल यादव थिए ।

उद्घोषण समग्र विकास सेवा केन्द्रकाका सह-उत्प्रेरक ललित मण्डलले गरेका थिए । समावेशी प्रतिनिधित्व रहेको कार्यक्रममा ३५ जनाको सहभागिता रहेको थियो ।

समग्र विकास सेवा केन्द्र, सुनसरी संयोजक अनन्तराम गिरीले उक्त कार्यक्रम आयोजना गर्नुको कारणबारे जानकारी गराएका थिए । ●

## लोहजरामा ...........

हुन सकेको छैन । अगामी दिनमा सरकारी निकायबाट प्राप्त हुने सेवासुविधाहरू सहज रूपमा उपलब्ध गराउने छौं । सेवाप्रवाहको सवालमा कुनै गुनासो आए त्यसलाई सच्याएर अघि बढने छौं ।'

कार्यक्रममा १०९ जना सहभागी थिए । समग्र विकास सेवा केन्द्रका निमित्त क्षेत्रीय संयोजक रामप्रसाद चौधरीले कार्यक्रमबारे जानकारी गराएका थिए भने कार्यक्रमको सहजीकरन जिल्ला संयोजक अरुणकुमार चौधरीले गरेका थिए । कार्यक्रममा तिरहुत गाउँपालिकाकी उपाध्यक्ष तीर्थमाया मण्डल (खत्वे), वडा नम्बर ५ वडा अध्यक्ष रामानन्द चौधरी, वडा नं.४ का वडा अध्यक्ष मनोजकुमार यादव, स्वास्थ्य केन्द्रका प्रमुख राजेन्द्र साह, आधारभूत विद्यालय, लोहजराका प्रधानअध्यापक रामचन्द्र यादव, डिमन माविका कपलेश्वर यादव लगायत नागरिक समाज र सामाजिक परिवारका सदस्यहरूको सहभागी रहेका थिए । उक्त कार्यक्रम ठाकुरबाबा सामाजिक परिवारकी अध्यक्ष शान्तिदेवी चौधरीको अध्यक्षतामा सम्पन्न भएको थियो । ●